# सङ्घीय संसद्
# राष्ट्रिय सभा
# बिसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २२ चैत्र २०८२
# आइतवार
# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:२२ बजे प्रारम्भ भयो।

(१२:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उदय बहादुर बोहरा।

(१२:२३ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, दक्षिण एसिया खास गरेर अमेरिका, इजरायल, इरान युद्धका कारण खाडी मुलुकमा रहेका ८० देखि ८५ हजार नेपालीहरू असुरक्षित बनेका छन्। हिंसाकै कारण एकको मृत्यु त्यही केहि घाइते भएको पुष्टि भएको खबर आएका छन्। नेपालीहरू ठुलो सङ्ख्यामा स्वदेश फर्कन चाहन्छन् उनीहरूको सुरक्षाको सुनिश्चित गर्न र स्वदेश फर्कन चाहनेहरूलाई सुरक्षित फर्किने व्यवस्था मिलाउन सम्माननीय अध्यक्षज्यू मार्फत म सरकारको ध्यान केन्द्रित गर्न चाहन्छु। धन्यवाद।

(१२:२३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य जगत बहादुर पार्की।

(१२:२४ बजे) **माननीय श्री जगत बहादुर पार्की (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्षज्यू, डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिका वार्ड नम्बर ७ अन्तर्गत २०७७ सालको साउन १९ देखि भदौ ३० सम्म.....(अध्यक्षज्यू र माननीयज्यूको आवाज माइकमा संगै सुनिएको) बलौचा भन्ने गाउँमा ५६ परिवार विस्थापित भएका छन् र यो ५ वर्ष बितिसक्दा पनि अहिले उनीहरूको पुनर्स्थापना भएको छैन। सरकारको टोलीले यो भन्दा पहिला भूगर्भविद् टोली गइसकेपछि उहाँहरूलाई पुनर्स्थापनाको सिफारिस गरेको छ र अहिले सम्म उनीहरूको पुनर्स्थापना भएको छैन। त्यसकारण सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारको म गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु उहाँहरूको समयमा पुनर्स्थापना होस्। धन्यवाद।

(१२:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जयन्ती देवी राई।

(१२:२४ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, झन्डै तीन महिना भइसकेको छ, हामी सबैले भोगिरहेका छौं। अहिले ग्यासको अत्यन्तै हाहाकार छ र यहाँ मात्र होइन हुन् त विश्वको धेरै देशहरूमा यो समस्या आएको छ। तर पनि अहिले यसका विकल्प विद्युतीय ग्यास, विद्युतीय चुल्हा, इन्डक्शन भने तापनि तर सानो परिवारलाई मात्र त्यो ठीक हुने र तर धेरै परिवार विरुद्ध केटाकेटी भएको ठाउँमा अत्यन्तै त्यो समस्या भएको छ र अहिले अब यो १५ दिनको लाइन बस्नु पर्ने त्यो मात्र नपाइने त्यसका अलावा अरु पनि लिनु पर्ने त्यस्ता खालको एकदमै यो व्यवहार अहिले उपभोक्ताले भोगिरहेको छ। यो अहिलेको सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु र सरकारले जनताहरूलाई पैसा तिरेपछि त्यसको सेवा पनि उपलब्ध होस् भन्न चाहन्छु। धन्यवाद।

(१२:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१२:२६ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, शहीद दशरथ चन्द्र चसकित्सा शिक्षा विश्वविद्यालय सुदुरपश्चिमको कैलाली जिल्लाको गेटामा अवस्थित छ। गेटा मेडिकल कालेजको नाममा निर्मित सानो सानो शहर नै जस्तो भवनहरूको रहर लाग्दो दृश्य देखिन्छ। अब ति भवनहरू विश्वविद्यालयको सम्पत्ति भएका छन्। विश्वविद्यालय हुन नामले मात्र हो कि के-के आवश्यक पर्छ त्यत्तातिरपट्टि सरकारको ध्यान जाने नै छ। त्यहाँका जनताको आकांक्षा छिटो भन्दा छिटो ६ सय बेडको अस्पताल र एमबीबीएसको पढ़ाई सञ्चालन होस् भन्ने छ। कुराले त यो सरकार पनि जुरमुराए जस्तो लाग्छ तर आगामी दिनमा हुने काममा विश्वास गर्न सकिन्छ। हालसम्मका सरकारहरूबाट भएको आश्वासन जस्तै यो सरकारले आश्वासनको मात्र पोको नफुकाई यसै शैक्षिक सत्र देखी एमबीबीएसको पढाई सञ्चालन र ६ सय बेडको अस्पतालको व्यवस्था अवश्य गर्ने छ भने विश्वास छ। धन्यवाद।

(१२:२६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१२:२७ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाली कम्युनिष्ट पार्टी)**:- सम्माननीय अध्यक्षज्यू, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर १ को इनिशा वि.क.को हत्या प्रकरणमा प्रहरी, सरकारी वकिलले दायर मुद्दामा अपराधीलाई उन्मुक्ति हुन सक्ने गरि प्रतिवेदन बुझाउनु दलित समुदायको लागि राज्य किन यति निठुर हुन्छ? किन जालझेल षडयन्त्र हुन्छ उत्पीडित दलित समुदायले न्याय नपाउने नै हो त?

(१२:२७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१२:२७ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, कैलालीको लम्की देखी खक्रौंलासम्म हुलाकी सडकको सहायक सडक रहेको छ। त्यस अन्तर्गत टीकापुर नगरपालिका १ को जमरा पुल देखी बसपार्क सम्म ६ लेनको सडक बनेको छ। त्यसको बेस असाध्यै राम्रो, बलियो, मजबुत छ तर त्यसको कालोपत्र एकदमै कमजोर भएको कारणले गर्दा त्यो भत्किन सुरु गरेको छ। म सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग माग गर्न चाहन्छु ढाइ किलोमिटर रहेको त्यो सडकलाई असफाल्ट टॉपअप गर्नको लागि पनि म हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१२:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद।

(१२:२८ बजे) **माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, अमेरिका, इजरायल, इरान युद्धले विक्राल रूप लिइरहेको छ। युद्धरत पक्षहरूले जे जति क्षति बेहोरीरहेको छ। त्यो सञ्चार माध्यम सोसल मिडियाहरूबाट हामी थाहा पाइरहेका छौं। तर यस युद्धको प्रकोप सारा संसार विशेष गरि साउथ एसियाले पनि भोगिरहेका छन्। तेलको अस्वाभाविक मूल्य वृद्धिले गर्दा प्रत्येक व्यक्ति नेपालमा पनि प्रभावित हुन् सुरु भइरहेका छन्। त्यसले गर्दा यस युद्धको अन्तका लागि कूटनीतिक पहल र महँगी नियन्त्रणका लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

(१२:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१२:२९ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाली कम्युनिष्ट पार्टी)</u>**:- सम्माननीय अध्यक्षज्यू, म पाल्पा जिल्लाको एउटा घटनाको ध्यानाकर्षण गराउन चाहन्छु। २०६८ साल साउन २२ देखी पाल्पाबाट १४ वर्षको किशोर न्यौपाने हराएको आज झन्डै १४ वर्ष भयो र उनका बाबाले सरकार फेरिदैं पिच्छे सञ्चारकर्मीहरूसँग आएर आफ्ना कुराहरू राखि रहनु भएको छ। अहिलेसम्म उनीको पत्तो लागेको छैन्। म सरकारको र सभाको ध्यानाकर्षण गराउन चाहन्छु त्यो परिवारको निम्ति खोजी गरिदिनु हुन् म अनुरोध गर्दछु। साथै महँगी असाध्यै बढ्यो ध्यान गएको छैन। जनजीविका चलाउन गाह्रो भएको छ, म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। दिन प्रतिदिन महिलाहरू, छोरीहरूको घटना घटिरहेको छ, हामीले सहन नसक्ने पीडा भयो यसलाई न्यूनीकरण गर्नको निम्ति पनि ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१२:३० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१२:३० बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भर्खरै सञ्चार माध्यमहरूमा मैंले पढें यो सरकारले विभिन्न दलहरुसँग आबद्ध विधार्थी सङ्गठनहरुलाई प्रतिबन्ध लगाए भन्ने कुरा, राजनीतिक बहुदलीय व्यवस्थामा, राजनीतिक विचारको आधारमा विभिन्न दलहरू गठन हुन्छन्। ति दलहरूसँग विभिन्न सङ्गठनहरू पनि आबद्ध हुन सक्छन्। यो बिलकुल लोकतान्त्रिक कुरा हो, लोकतान्त्रिक अभ्यास हो। यो कुनै गैर-कानुनी, असंवैधानिक, आपत्तिजनक कुरा होइन्। त्यसैले यो सरकारले जुन प्रतिबन्ध लगाएको छ विद्यार्थी दलहरू माथि यसलाई फिर्ता गरिनु पर्छ यो सरकारको यो निर्णयले कहीँ निरंकुश तानाशाही पञ्चायती व्यवस्था जसलाई नेपाली जनताले ३६ वर्ष अगाडी आर्य घाटमा सेलाएका थिए त्यो व्यवस्थाको पुनरागमन भएको त होइन ? त्यो व्यवस्थाको पुनरावृति भएको त होइन्? मलाई त्यस्तो लाग्दैन्, यो व्यवस्था सरकार लोकतान्त्रिक हो भने लाग्दछ। यदि त्यस्तो हो भने विद्यार्थी सङ्गठन माथि प्रतिबन्ध लगाउने यो निर्णय नेपाल सरकार तुरुन्त खारेज गरोस्, फिर्ता लियोस्। धन्यवाद।

(१२:३१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१२:३१ बजे) **<u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, हालको मध्य पूर्वको युद्धले पेट्रोलियमको मूल्य वृद्धि भएको छ। त्यसैगरि हवाई इन्धनको मूल्य वृद्धि भई महँगी बढेको छ, हवाई भाडा वृद्धि भएको छ र यसले सर्वसाधनमा ठुलो आर्थिक भार परेको छ र जनजीविकामा ठुलो असर पनि परेको छ र ग्यासको सहज आपूर्ति हुन् सकेको छैन्। यस्तो अवस्थामा मध्य नजर राखि सरकारले सही कदम चालोस् भने नेपाल सरकारको ध्यानाकर्षण गराउँछु। धन्यवाद।

(१२:३२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, बोल्नको लागि नवनिर्वाचित माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई ५ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य खम्म बहादुर खाती।

(१२:३३ बजे) **माननीय श्री खम्म बहादुर खाती (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू, जुन मतदाताज्यूहरूले अर्थात जनप्रतिनिधिहरू, गा.वि.स. अध्यक्ष, उपाध्यक्ष, मेयर, उपमेयर र प्रदेश सांसदज्यूहरूको अमूल्य मतदान गरी राष्ट्रिय सभामा प्रतिनिधित्व गराउनु भएकोमा ती मतदाताज्यूहरूप्रति आदर र सम्मान प्रकट गर्दै धन्यवाद दिन चाहन्छु। विगतका विभिन्न राजनीतिक आन्दोलनमा ज्यान गुमाउनु हुने, आहुति दिनुहुने सम्पूर्ण सहिदहरूप्रति श्रद्धासुमन प्रकट गर्न चाहन्छु। सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सफल र प्रभावकारी बनाउन आवश्यक छ। यसका लागि बहुलवादप्रति प्रतिबद्ध रही राजनीतिक अस्थिरता र दलहरूबीचको विश्वास, आम नागरिकहरूको निराशा मेटाउन त्यत्तिकै आवश्यक देखिन्छ। समय परिस्थिति र घटनालाई प्रतिबिम्बित हुने गरी नेपालको संविधान, प्रचलित ऐन, कानुन परिमार्जित र संशोधन गर्न पनि त्यत्तिकै आवश्यक छ। राजनीति जनताको सेवा गर्ने माध्यम हो, सत्ता प्राप्तिको साधन मात्रै होइन। आजको राजनीतिक सन्दर्भमा राजनीतिक संस्कार, नैतिकता र जिम्मेवारीको खडेरी देखा परेको छ। यसले लोकतन्त्र र जनविश्वास कमजोर बनाउने हुँदा त्यसप्रति सचेत हुन आवश्यक देखिन्छ। राजनीतिक स्थायित्व, नीतिगत निरन्तरतामा हामीले विशेष जोड दिनुपर्ने अवस्था छ। सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ। सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रणमा विशेष जोड दिनुपर्ने देखिन्छ। युवा बेरोजगार र आर्थिक विकासलाई जोड दिनु पर्दछ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बीचको हस्तक्षेपकारी भूमिका नभई समन्वय र सहकार्य गर्न आवश्यक देखिन्छ। हामी सबैले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई र जनसरोकारको विषयलाई केन्द्रमा राखि राजनीति गर्न सक्षम भयौं भने देशले स्थायित्व, विकास, समृद्धि हाँसिल गर्न सक्दछ भन्ने विश्वास र प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

अन्तमा झण्डै दुई तिहाइ नजिक पुगेको स्वतन्त्र पार्टी वालेन्द्र शाहको मन्त्रिमण्डललाई बधाई तथा कार्यकालको शुभकामना व्यक्त गर्दै संविधानवाद, विधिको शासन, मानवअधिकार, स्वतन्त्रताको रक्षा गर्दै अगाडि बढ्न नेपाल सरकारलाई अनुरोध समेत गर्दछु। अब यस राष्ट्रिय सभामा गरिमामय सांसदज्यूहरूको अनुपस्थितिमा हाम्रो भूमिका चुनौती र अवसर दुइटै दृष्टिकोणले अग्रणी स्थानमा रहेको छ। हामीले एउटा सिस्टम बसाउनु पर्ने आवश्यकता देखिन्छ र त्यो सिस्टम भनेको के हो भने संविधानवाद, विधि र कानुनको शासनको आवश्यकता र औचित्यता र तपाईं हाम्रो दृढ सङ्कल्पका साथ मात्रै हामी अगाडि बढ्न सक्दछौं। राष्ट्रिय सभा मात्रै त्यस्तो सभा हो जो इन्टलेक्चुअल सर्कलको यहाँ प्रतिनिधित्व हुने गर्दछ र बुद्धिजीवीहरूले देशलाई र जनतालाई केन्द्रबिन्दुमा राखेर हामीले हाम्रो कार्य गर्दाखेरि सबैभन्दा महत्वपूर्ण पाटो के रहन्छ भने

समन्वय र सहकार्य। हामी राष्ट्रिय सभामा प्रतिनिधित्व गरिरहँदा, प्रदेशमा घुमिरहँदा एउटा अनौठो विस्तृत रूपमा के-कस्तो किसिमको जानकारी भएको छ भने स्थानीय सरकार छ, प्रदेश सरकार छ र सङ्घीय सरकार छ। स्थानीय सरकार र प्रदेश सरकार बीचको समन्वय नभएको अवस्था देखिराखेको छ, त्यस्तै गरी सङ्घीय सरकार। अब आउँदा दिनहरूमा हामीले ऐन, कानुन, प्रचलित कानुनहरूलाई संशोधन गर्दाखेरि मैले आफैले भोगेको घटना के हो भने स्थानीय तहको सरकारमा बस्ने उपमेयर र मेयर, अझै अरूको भन्दा पनि उपमेयरको प्रमुख भूमिका योजनामा हुँदो रहेछ र उनीहरूले लागत इस्टिमेट गर्दै गर्दा थाहा पाई वा नपाई सही गरेकोमा धेरै जसो मुद्दा मामिला अख्तियारले चलाउने गरेको अवस्था विद्यमान छ। त्यसो भएको कारणले अब हाम्रो समन्वय र सहकार्यलाई अगाडि बढाउँदै, हामी एक ठाउँमा बस्दै परम्परागत नीति र व्यवहारहरूलाई विशेष ध्यान दिँदै र अबको सरकारले गर्ने रचनात्मक कार्यप्रति हामीले सहयोग र समर्थन गर्दै गलत प्रक्रियाको थालनी भए त्यसको विरोध गर्ने प्रतिबद्धताका साथ यहाँहरूको माझबाट बिदा हुन्छु र पुनः यो अवसर प्रदान गर्नुभएकोमा सम्माननीय अध्यक्षज्यू तथा सम्पूर्ण माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

(१२:३८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गीता देवकोटा।

(१२:३९ बजे) **माननीय श्री गीता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा निर्वाचित भएपछि पहिलो पटक रोष्टममा आएर सम्बोधन गर्न पाउँदा खुशी र गौरव महसुस भएको छ। यस महत्वपूर्ण क्षणमा लोकतान्त्रिक आन्दोलनमा सहादत प्राप्त गर्ने तमाम शहिदहरूप्रति सम्मान र श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। गत माघ ११ गते सम्पन्न राष्ट्रिय सभाको निर्वाचनमा विजय सबै सदस्य माननीयज्यूहरूलाई बधाई र शुभकामना व्यक्त गर्दछु। यस निर्वाचनमा मलाई बागमती प्रदेशबाट निर्वाचित गर्ने सबै प्रदेश सांसद एवम् पालिका प्रमुख, उपप्रमुखहरूप्रति हार्दिक धन्यवाद दिँदै मलाई यो जिम्मेवारी प्रदान गर्ने मेरो पार्टी नेपाली काँग्रेसप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा निर्वाचित सांसद एवम् नवगठित मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यज्यूहरूलाई बधाई र सरकारको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

सम्माननीय अध्यक्षज्यू, नेपालको संसदीय अभ्यासमा राष्ट्रिय सभाको आफ्नै मूल्य र महत्व, राष्ट्रिय अभिभाकत्व प्रदान गर्ने जिम्मेवारी भएको यस संस्थामा रहने हामी सबै सदस्यको भूमिका र आचरणले नै यसको औचित्य प्रष्ट पार्दछ। विगत केही समयदेखि राष्ट्रिय सभाको उपस्थिति भूमिका, सान्दर्भिकताका बारे सामाजिक सञ्जाल र मिडियामा नकारात्मक सन्देशहरू सम्प्रेषण भइरहेका छन्। यस्तो अवस्थामा हामी सबै सांसदहरूले दलीय राजनीतिमाथि उठेर समग्र राष्ट्रहित र संविधानको रक्षा र जनताका आवाजलाई हाम्रो

सत्कर्मबाट राष्ट्रिय एकता, विश्वास, भरोसाको केन्द्रको रूपमा राष्ट्रिय सभाको भूमिकालाई पुष्टि गर्नुपर्दछ। राजनीति चक्रिय खेल हो। बहुमतको दम्भ र अल्पमतको हीनताबोधले ग्रसित नभई राष्ट्र निर्माणको यस महत्वपूर्ण घडीमा आपसी सद्भाव, समन्वय र सहकार्यको माध्यमबाट जनताले प्रदान गरेको जिम्मेवारी बहन गर्ने प्रेरणा यो बैठकले सबैमा प्रदान गरोस् भन्ने कामना गर्दछु।

सम्माननीय अध्यक्षज्यू, आज देशका अगाडि धेरै चुनौतीहरू छन्। युवाहरूको बढ्दो विदेश पलायन, कृषिमा घट्दो आकर्षण, बढ्दो बेरोजगारी र जनताको दैनिकीसम्म जोडिएका आधारभूत समस्या। यी विषयहरू केवल तथ्याङ्क होइनन्, यो हाम्रो समाजका पिडा हुन्। म विशेष गरी कृषि क्षेत्रको कुरा उठान गर्न चाहन्छु। नेपाल जस्तो कृषि प्रधान देशमा किसान अझै पनि असुरक्षित छन्। उत्पादन हुन्छ तर बजारको ग्यारेन्टी छैन। मूल्य निर्धारण छैन, लागत बढिरहेको छ। यस अवस्थामा राज्यले उत्पादनदेखि बजारसम्मको सुनिश्चिता, किसानमैत्री नीति, प्रविधि र अनुदानको प्रभावकारी कार्यान्वयन गर्न अत्यन्त आवश्यक ठान्दछु। यो अवस्थामा राज्यले उत्पादनदेखि बजारसम्मको सुनश्चिता, किसानमैत्री नीति, प्रविधि र अनुदानको प्रभावकारी कार्यान्वयन गर्न अत्यन्त आवश्यक छ।

सम्माननीय अध्यक्षज्यू, आजको अर्को गम्भीर विषय हो, युवा पलायन। हाम्रो देशका सक्षम उर्जाशील युवाहरू बाध्यतावस विदेश जानु परेको छ। यदि यही अवस्था रहिरह्यो भने देशको भविष्य कमजोर हुन्छ। हामीले देशभित्र रोजगारी सिर्जना, उद्यमशीलता र प्रबर्धनशील विकासमा केन्द्रित नीति ल्याउनु पर्दछ।

सम्माननीय अध्यक्षज्यू, म यहाँ महिला सशक्तिकरणको विषय पनि जोड्न चाहन्छु। महिलाहरूलाई अवसर दियो भने उनीहरूले देश परिवर्तन गर्न सक्छन्। तर अझै पनि निर्णय प्रक्रियामा महिलाहरूको सहभागिता सीमित मात्र छ। समान अवसर र नेतृत्वमा पहुँच, आर्थिक आत्मनिर्भरता, सुनिश्चिता गर्नुपर्दछ। अन्त्यमा असम्भव सपना बाड्नु भन्दा हामीले राजनीतिक भन्दा माथि उठेर राष्ट्रहित जनताको अपेक्षा र भविष्यको जिम्मेवारीलाई प्राथमिकता दिनुपर्दछ। सम्माननीय अध्यक्षज्यू, म यहाँ प्रतिबद्धता व्यक्त गर्दछु। म सधैं जनताको पक्षमा, सत्यको पक्षमा र राष्ट्रहितको आवाज उठाईरहनेछु। धन्यवाद, जय नेपाल।

(१२:४३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य चन्द्र बहादुर के.सी.।

(१२:४३ बजे) **<u>माननीय श्री चन्द्र बहादुर के.सी. (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय सांसदज्यूहरू सबैमा नमनका साथ जय नेपाल टक्रयाउन चाहन्छु। मैंले सर्वप्रथम ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। मलाई राष्ट्रिय सभामा ल्याउने सांसदज्यूहरू र गाउँपालिका अध्यक्ष, उपाध्यक्षज्यूहरु, मेयर, उप-मेयरहरु सबै प्रति आभार व्यक्त गर्दै धन्यवाद टक्र्याउन चाहन्छु। मुलुक अहिले नयाँ परिस्थितिका साथ नयाँ समयलाई आत्मसात् गर्दै अगाडि बढेको अवस्था देखिन्छ। समय के हो,

परिस्थिति कहाँ छ र हामीले गर्नुपर्ने दायित्व के हो भन्ने कुराहरूको बारेमा अहिले नेपालका सबै राजनीतिक दलहरूलाई खोजेको पनि छ र कता कता पार्लियामेन्ट्री अभ्यासमा संसदीय अभ्यासमा "सत्ता बहुमतको सदन प्रतिपक्षको" भन्ने अब यसको उठान स्वर्गीय सभामुख दमननाथ ढुङ्गानाले त्यसलाई उजागर गर्नु भयो र त्यसलाई फोलोअप गर्दै सुवास नेवाङ पनि जानु भयो। त्यसपछिका सभामुखज्यूहरूले कति त्यसलाई आत्मसात् गर्नु भयो गर्नु भएन मलाई अलि हेक्का भएन। तर यो हेक्का रहोस् भन्ने म चाहन्छु, यसै अर्थमा मलाई एउटा दार्शनिकको भनाई याद आउँछ फरक मत नै प्रजातन्त्रको जननी हो। फरक मतलाई आत्मसात् गर्न सकेनौं भने प्रजातन्त्र मौलाउन सक्दैन। प्रजातन्त्र बलियो पनि हुन सक्दैन, प्रजातन्त्र अदम्य पनि हुन सक्दैन, छाँटकाँटको हुन सक्दैन, दुरुस्त पनि हुन सक्दैन। त्यसैले त्यसलाई बनाउने जिम्मा नेपालको इतिहासमा ऐतिहासिक निर्णयको मोडमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी जसले १८२ सिट ल्याएको छ। त्यसले ठुलो जिम्मेवारी बोधका साथ आफ्नो जबाफदेहीलाई अगाडि बढाओस् भन्ने म शुभकामना दिन चाहन्छु। तर कही कतै तेजिलो घोडा चढेर हिँडियो भने घोडा मात्र लड्दैन घोडा चढ्ने सवार पनि लड्छ। यसको पनि हेक्का रहोस् र यसको सँगसँगै म के पनि भन्न चाहन्छु भने अहिले धेरै कुराहरू म भर्खर नयाँ आएको हुनाले यो रोस्टममा बोलेर धेरै कुरा यहाँ पुराना जो माननीयज्यूहरू हुनुहुन्छ वहाँहरूसँग अहिले धेरै सिक्नु पर्ने कुराहरू छन्। सिकिसकेपछि अरू नयाँ कुराहरू हामीले यहाँ पस्किउँला, उठाउला पनि तर नेपालको अहिलेको सन्दर्भमा अहिलेको सरकार अहिलेको बहुमत प्राप्त सरकारले बालेन सरकारले लट्स अफ पिक्चर दिन्छ भन्ने हामी विश्वास राख्छौं। कतै त्यो पिक्चर, पिक्चर नबनोस् खाली फ्रेमवर्क चाँहि ल्याउने तर तस्विरै राख्न नसक्ने हिसाबमा आयो भने त्यो फ्रेमवर्कको केही अर्थ रहँदैन। त्यस अर्थमा यो सरकार अगाडि बढोस् र अर्को अर्थमा नेपालको राजनीतिक, आर्थिक, सामाजिक धेरै चीजहरू खलबलिएका छन्। यसलाई ट्र्याकमा ल्याउने ठुलो जिम्मेवारी पनि अहिलेको बहुमत प्राप्त दुई तिहाइको झण्डै नजिक पुगेको सरकारको जिम्मा हो। इतिहासलाई चाहिने दृष्टान्त गरेर हेर्ने हो भने, सीमा पलट गरेर हेर्ने हो भने दुई तिहाइको सरकारहरू २०१५ सालमा काँग्रेसको दुई तिहाइको बहुमतको सरकार थियो। त्यसको बाह्य, आन्तरिक शक्ति केन्द्रहरूको चापमा त्यसका घटनाहरूलाई यदि हामीले सम्झन पुग्यो भनेदेखि कहिलेकाहीं भू-राजनीतिकले दुई तिहाइ बहुमतको सरकारलाई अप्ठ्यारोमा पार्दा नेपाली जनजीवनलाई अस्तव्यस्त नबनाओस्। त्यो शुभकामना म यहींबाट दिन चाहन्छु र अर्को कुरा थुप्रै चुनौती र समस्याहरू हाम्रो बीचमा छन्। त्यसलाई सामना गर्ने तागत, त्यसलाई मिलाउन सक्ने ताकत, त्यसलाई एकता र मेलमिलापको दूरीमा सँगसँगै लिएर जाने सक्ने शक्ति बोकेको यो राष्ट्रिय सभा। यसको अन्तरराष्ट्रिय र राष्ट्रिय स्तरमा आफ्नै किसिमको एउटा महत्त्व छ। त्यो महत्त्वलाई बहुमत प्राप्त सरकारले बुझिदियोस्। राष्ट्रिय सभाको गरिमालाई यसलाई उच्च बनाउँदै अरू उच्चतम बिन्दुमा पुर्‍याउने यात्रामा यो सहभागी बन्न सकोस्।

नेपालको अहिले भर्खरै सुन्नमा आएको छ संविधान संशोधनको कुराहरू आएका छन्। संविधानलाई संशोधनको आँखाले हेर्ने भन्ने कुराहरू पनि आइरहेका छन्। संशोधनलाई हेर्ने कुन आँखा हो ? कुन दृष्टिकोण हो ? ती सबै कुराहरू त्यत्तिकै हचुवाको तालमै सम्भव हुन्छ भन्ने मलाई लाग्दैन। त्यसका लागि नेपालका अस्तित्व पात्र राजनीतिक दलहरू ती दलहरूको एकता र मेलमिलाप बाटै सम्भव हुन्छ। अन्तर पार्टी

सम्बन्धले मात्रै त्यसलाई गाढा बनाउँछ, बलियो बनाउँछ अनि अघि बढाउँछ। तसर्थ यो राष्ट्रिय सभाको गरिमालाई अगाडि बढाउने हिसाबमा यसलाई होच्याउने हिसाबकिताबमा यसको महत्त्वलाई तल गिराउने हिसाबकिताबमा अगर कहीँ कतैबाट सच्चियो भने त्यसले परिणाम राम्रो दिने छैन। अङ्ग्रेजीमा एउटा कहावत छ, "It is better to love than lost never to love at all." यो महत्त्वलाई बुझि दिनुहोला भन्ने आशाका साथ मेरा भनाइहरू यहीँ राख्दै बिदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१२:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, नवनिर्वाचित माननीय सदस्यहरूले बोल्ने क्रम आगामी बैठकमा पनि जारी रहने बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) बमोजिम राष्ट्रिय सभाका विषयगत समितिहरूमा रहनुहुने माननीय सदस्यहरूको नाम देहाय बमोजिम रहने गरी मनोनयन तथा स्थानान्तरण गरेको छु।

- माननीय सदस्य रेखा कुमारी झा
- माननीय सदस्य सम्झना देवकोटा
- माननीय सदस्य जगत तिमिल्सिना
- माननीय सदस्य वासुदेव घिमिरे र
- माननीय सदस्य महन्थ ठाकुरलाई विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गरेको छु।
- माननीय सदस्य राम कुमारी झाक्री
- माननीय सदस्य प्रेम प्रसाद दंगाल
- माननीय सदस्य खम्म बहादुर खाती र
- माननीय सदस्य गीता देवकोटालाई विधायन व्यवस्थापन समितिमा तथा
- माननीय सदस्य सोमनाथ पोर्तेल
- माननीय सदस्य मीनासिंह रखाल
- माननीय सदस्य सुनिल बहादुर थापा
- माननीय सदस्य चन्द्र बहादुर के.सी. र
- माननीय सदस्य रंजित कर्णलाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा तथा
- माननीय सदस्य लिला कुमारी भण्डारी
- माननीय सदस्य रोश्नी मेचे

- माननीय सदस्य ललित जङ्ग शाही र
- माननीय सदस्य धर्मेन्द्र पासवानलाई सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिमा मनोनयन गरेको छु।

१. माननी सदस्य मोहम्मद खालिदलाई सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिबाट विधायन व्यवस्थापन समितिमा, माननीय सदस्य विष्णु बहादुर विश्वकर्मालाई विकास, आर्थिक मामिला तथा सुशासन समितिबाट विधायन व्यवस्थापन समितिमा, माननीय राजेन्द्र लक्ष्मी गैरेलाई सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिबाट विधायन व्यवस्थापन समितिमा र माननीय सदस्य रेनु चन्दलाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिबाट विधायन व्यवस्थापन समितिमा स्थानान्तरण गरेको छु।
२. माननीय सदस्य पुजा चौधरीलाई विकास, आर्थिक मामिला तथा सुशासन समितिबाट सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा र माननीय सदस्य जगत बहादुर पार्कीलाई सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिबाट सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा स्थानान्तरण गरेको छु।
३. माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिबाट सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिमा र माननीय सदस्य जयन्ती देवी राईलाई विधायन व्यवस्थापन समितिबाट सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा स्थानान्तरण गरेको छु।

माननीय सदस्यहरू, विषयगत समितिका लागि माननीय सदस्यहरूको मनोनयन तथा स्थानान्तरणलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, विषयगत समितिका लागि माननीय सदस्यहरूको मनोनयन तथा स्थानान्तरणलाई सभाको सहमति भएको ब्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न देहायबमोजिम माननीय सदस्यहरुलाई मनोनयन गरेको छु।

- माननीय सदस्य पुजा चौधरी
- माननीय सदस्य रेनु चन्द
- माननीय सदस्य विष्णु देवी पुडासैनी र

- माननीय सदस्य सम्झना देवकोटा

माननीय सदस्यहरू, प्रस्तावित माननीय सदस्यहरूलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु। माननीय सदस्यहरू, प्रस्तावित माननीय सदस्यहरूलाई सभाबाट सहमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमलाई "राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन" पेस गर्न समय उपलब्ध गराउँछु।

(१२:५४ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री सोविता गौतमः**- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय महिला आयोगको प्रतिवेदन राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१२:५४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल चैत्र २३ गते सोमवार अपरान्ह १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल चैत्र २३ गते सोमवार अपरान्ह १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १२:५४ बजे।**